# दोरम्बा गाउँपालिकाको आर्थिक वर्ष ०७७/७८ को वार्षिक, नीति तथा कार्यक्रम

दोरम्बा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टोकरपुर, रामेछाप
वाग्मती प्रदेश, नेपाल

# दोरम्बा गाउँपालिकाको आ.व. ०७७/७८ को लागि गाउँ कार्यपालिकावाट स्वीकृत वार्षिक नीति तथा कार्यक्रम

श्री गाउँपालिका उपाध्यक्षज्यू, सभाका सदस्यज्यूहरु

दोरम्बा गाउपालिकाको ५४ औ गाउँ कार्यपालिकाको वैठकद्धारा स्वीकृत आगामी आर्थिक वर्ष २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहान्छु।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक घोषणा भए पश्चात जारी भएको नेपालको संविधानको आधारमा गठित स्थानीय सरकारको अवधारणा अनुरुप यस दोरम्वा गाउँपालिकाको सातौ गाउँसभामा हामी उपस्थित भएका छौ। यस घडीमा मुलुकको सर्वाङ्गीण विकासका लागि विभिन्न कालखण्डमा जीउ ज्यान अर्पण गर्नुहुने महान शहीदहरुमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु। साथै घाईतेहरुको स्वास्थ लाभको कामना पनि गर्दछु।

हाल हाम्रो मुलुक विश्वभर फैलिरहेको नोवल कोरोना भाईरस (COVID-19) का कारण मानव जगतमाथि पर्न गएको विषम संकटको घडीमा गुज्रिरहेको छ। सो को प्रभाववाट हाम्रो यस गाउँपालिका पनि अछुतो रहेको छैन। यस अवस्थामा सम्पुर्ण गाउँपालिकावासीहरुमा धैर्यताका साथ यस संकटवाट मुक्ति प्राप्तका लागि गाउँपालिकाले गरेका हरेक क्रियाकलापमा सक्रिय सहयोग र समन्वयको अपेक्षा गर्दछु।

दोरम्वा गाउँपालिका रामेछाप जिल्लाको स्थानीय तहमध्धे एक दुर्गम स्थानीय तह रहेको र यसको आन्तरिक आयको श्रोत ज्यादै न्युन रहेका कारण गाउँपालिकाद्धारा संचालन गरिने हरेक विकास निर्माणका कार्य संघीय र प्रदेश सरकारको अनुदानमा मात्र निर्भर पर्नुपर्ने अवस्था विद्यमान छ। केन्द्र सरकारवाट जनसंख्या, भुगोल र स्थानीय भारीत लागतको आधारमा प्राप्त हुने अनुदानकै आधारमा आम नागरिकका चुलिएका आकाँक्षा पुरा गर्न असम्भव प्रायः रहेको यस अवस्थामा नेपाल सरकारले स्वीकृत गरेका मापदण्डका आधारमा रहि आज यस गरिमामय सभामा दोरम्वा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७७/७८ का लागि वार्षिक नीति तथा कार्यक्रम यहाँहरु समक्ष पेश गरेको छु। जसलाई तपसील वमोजिम उल्लेख गर्दछु।

## क) आर्थिक विकास नीति

### कृषि तथा पर्यटन

१. स्थानीय स्तरमा व्यवसायिक रुपमा उत्पादन गर्न सकिने भनी गाउँपालिकाको कृषि गुरुयोजनाबाट सिफारिस गरिएको तरकारी एवं फलफुलको व्यवसायीक खेतीको प्रवर्द्धन गरिने कार्यलाई जोड दिनुपर्ने आवश्यकता महसुस गरिएको छ जसका लागि दोरम्बा गाउँपालिकाका केहि वडालाई आलु, किवि र सुन्तला पकेट क्षेत्रको रुपमा विकास गर्ने कार्यलाई सुनिश्चिता गरिनेछ र बाली बिमा गर्ने कार्यको शुरुवात गरिनेछ।

२. कृषि, पर्यटन, उद्योग र व्यापारलाई स्थानीय जनशक्तिले नै सघाउ पुग्ने गरी शैक्षिक गुणस्तरको विकास गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

३. पानीको मुहान पहिचान भएका अतिउर्वरशील/उत्पादनशिल भुमिलाई व्यवस्थापन गर्न सिंचाईको पर्याप्त व्यवस्था मिलाईने छ।

४. कृषकहरुलाई कृषि र पशुपालनका क्षेत्रमा व्यावसायी बन्न प्रोत्साहन गर्नका लागि सरकारी निजी साझेदारी कार्यक्रम संचालन गरिने छ। प्रत्येक ४/४ महिनामा विभिन्न रोग बिरुद्ध प्रतिरोधात्मक शक्ति बिरुद्धका पशु खोप, घुम्ती शिबिर संचालन गरिने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

५. पशुपालनमा कृषकलाई आर्कषण गर्नका लागि कृतिम गर्भधान प्रणाली अवलम्बन गरि पशुपालनलाई सहज वनाईनेछ। प्रजननका लागि प्राकृतिक गर्भाधारण अर्न्तगत उन्नत नश्लको वोयर बोका वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

६. कृषि कार्यको लागि मल, बीउ विजन, टनेल, कृषि औजार उपकरण, बिषादी लगायतका लागि ५० प्रतिशत अनुदान कार्यक्रमलाई निरन्तरता दिईनेछ साथै किवि बिकास कार्यक्रमकको लागि भौतिक पुर्बाधार निर्माणमा ५० प्रतिशत अनुदानको ब्यवस्था मिलाईनेछ।

७. नमुनाको रुपमा कृषि व्यवसाय संचालन गरेका नमुना कृषकहरुलाई तालिम प्रदान गरि थप प्रोत्साहित गर्नका लागि अनुदान सहितको साझेदारी कार्यक्रम ल्याईनेछ।

८. गाउँपालिकामा कृषि क्षेत्रमा जनताको आर्कषण गरी जनश्रम परिचालनका अलावा कृषि कार्यक्रमको लागि व्यवसायीककरण, यान्त्रिकरण र आधुनिकीकरण गरी रोजगारी सृजना गर्ने वातावरण तयार गरिनेछ।

९. बाझो रहेको जग्गाको अधिकतम उपयोग गर्दै बालीको सम्भावनाको आधारमा समुह, कृषि सहकारी, निजी फर्म तथा सामुहिक खेती मार्फत उत्पादन गर्न प्रोत्साहित गरिनेछ यसका लागि सिंचाई, मल, बिउ र प्रविधिको सुनिश्चितता गरिनेछ ।

१०. आगामी वर्ष यस गाउँपालिकालाई दुध, मासु, तरकारी, फलफूल, चियाखेती र उच्च मुल्यको कृषिवस्तु उत्पादनलाई प्रोत्साहन गरिनेछ। साथै साना किसानलाई लक्षित गरी अनुदानका कार्यक्रम संचालन गरिनेछ र बिभिन्न कृषि बालि सम्वन्धी तालिम प्रदान गरि किसानहरुलाई दक्ष बनाईनेछ।

११. यस गाउँपालिकामा रासायनिक मल, जैविक मल, जैविक विषादि, किटनाशक विषादिको अभाव देखिएकोले कृषि बाली लगाउनु अगावै कृषि सहकारी मार्फत आपूर्तिको ब्यबस्था मिलाईनेछ।

१२. पर्यटन, धार्मिक महत्व रहेका ऐतिहासिक, पुरातात्विक स्थानहरुको संरक्षण, सर्म्वद्धन र व्यबस्थापन कार्यलाई निरन्तरता दिईनेछ। नयाँ पर्यटकीय क्षेत्रहरुको पहिचान तथा उक्त क्षेत्रको बिकासको लागि सार्वजनिक निजी साझेदारीको अवधारणालाई निरन्तरता दिईनेछ साथै अगुवा किसानहरुलाई विभिन्न कृषि सम्बन्धी क्षेत्रहरुको भ्रमण अवलोकन गराईनेछ।

१३. दोरम्बा गाउँपालिकावाट उत्पादित आलुको राष्ट्रियस्तरमा पहिचान कायम गराउनका लीग लोगो सहिदको आलु प्याक गर्न ५०, ३० र १० के.जी को बोरा छपाई गरी ५० प्रतिशत अनुदानमा सम्वन्धित कृषकलाई वितरण गर्ने व्यवस्था मिलाईनेछ।

१४. स्थानीय स्तरमा पर्यटन प्रर्बधनका लागि गउँपालिकामा सुचिकृत भएका होमस्टे संचालकहहरुलाई आबश्यक आधारभुत तालिमको ब्यबस्था मिलाईनेछ।

१५. यस गाउँपालिकाद्धारा आयोजना गरिएको प्रथम सांस्कृतिक तथा प्राकृतिक पर्यटक महोत्सव संचालन भएको ऐतिहासिक अवस्थालाई भावी पुस्ताका लागि सम्झन योग्य बनाउनको लागि प्रथम शैलुङ्ग महोत्सवको स्मारक सहितको पार्क निर्माण गर्ने कार्यलाई पूर्णता दिईनेछ।

१६. दोरम्बा गाउँपालिका भित्र उत्पादित कृषि उपजहरुलाई राष्टिय स्तरमा प्रचार प्रसार गर्नका लागि कृषि महोत्सव संचालन गरि कृषि पर्यटन प्रवर्द्धन गरिनेछ।

१७. सार्वजनिक जग्गा तथा निजी जग्गालाई एकीकृत गरी कृषि खेती गर्न इच्छुक कृषक समूहलाई निश्चित मापदण्डका आधारमा विउ विजन, मल तथा कृषि औजार उपकरणका लागि अनुदानको व्यवस्था गरिनेछ।

## उद्योग तथा सहकारी

१८. दैनिक उपभोग्य वस्तुहरुलाई सस्तो एवं सुलभ मुल्यमा जनतालाई उपलब्ध गराउन कृषि सहकारी सँस्थाको प्रवर्द्धनमा जोड दिईनेछ। सहकारीमा आबद्ध पदाधिकारीहरुलाई तालिम मार्फत सहकारी संचालन क्षमता विकास गरिनेछ।

१९. घरेलु उद्योग प्रोत्साहनको लागि स्थानिय स्तरमा प्राप्त कच्चा पदार्थ मार्फत घरेलु उद्योग संचालनमा जोड दिन निरन्तरता दिईनेछ। सार्वजनिक जग्गामा निर्माण भएको घर भवनको उचित व्यवस्थापनका लागि वहाल विटौरी कर अनिवार्य रुपमा लागू गर्न निरन्तरता गरिनेछ।

२०. स्थनिय स्तरमा भएका खोलानाला र नदीजन्य पर्दाथबाट हुनसक्ने क्षति कम गर्न गिटी, बालुवा, ढुङ्गाको स्थानीय स्तरमा प्रयोग गर्नका लागि गाउँपालिकाले छुट्टै मापदण्ड तर्जुमा गरी कार्यान्वियनमा ल्याईनेछ। जसका लागि स्थानिय सामूदायिक वन उपभोक्ता समितिसंग समन्वय गरिनेछ।

२१. गाउँपालिकामा गुणस्तरयुक्त खाद्यसामग्री उपलब्ध गराउनका लागि नियमित बजार अनुगमन गर्न वडा स्तरीय अनुगमन समितिको गठन गरिनेछ साथै गाउँपालिका स्तरीय बजार अनुगमन समितिलाई सक्रिय गराईनेछ।

२२. गैरसरकारी संघ संस्थाबाट संचालन गरिने सबै प्रकारका सहयोग तथा सेवाहरु गाउँपालिकाको एकद्वार प्रणाली मार्फत संचालन गर्न अनुमति दिईने नीतिलाई निरन्तरता दिईनेछ।

२३. गाउँपालिका भित्रका सरकारी तथा गैरसरकारी क्षेत्रबाट संचालन गरिने सहकारी तथा उद्योगको अनुगमन, मुल्यांकन पद्दतिलाई व्यावस्थित गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

२४. गाउँपालिका भित्र रहेका साना किसानहरुलाई कृषि सहकारीमा आबद्ध गरी गराई अनुदानको व्यवस्था मिलाईनेछ।

२५. दर्ता भएका कृषि समुह मार्फत मागमा आधारीत भएर विउ विजन तथा विरुवा वितरण गरिनेछ

## पशुसेवा

२६. युवाहरुलाई व्यावसायीक रुपमा पशुपालन व्यवसायमा संलग्न गराई रोजगारीको सृजना गरिनेछ साथै कृषकहरुलाई पशुपालन क्षेत्रमा आत्मनिर्भर बन्न परम्परागत पेशालाई निरुत्साहित गरी व्यावसायीकरणमा जोड दिईनेछ।



(मौलान)

२७. दुध, अण्डा, मासुको उत्पादन बृद्धि गरी गाउँपालिकालाई आत्मनिर्भर बनाउने कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ। जसका लागि खोर, गोठ सुधार कार्यक्रमलाई निरन्तरता दिईने छ।

२८. पशुपालनबाट हुने आर्थिक क्षति कम गर्न र पशुमा लाग्ने महामारी रोग नियन्त्रण गर्न भ्याक्सिनेशन कार्यक्रम लाई निरन्तर गरिनेछ र पशुपालन व्यवसायलाई आकर्षित बनाउनका लागि प्रत्येक वडामा पशु स्वास्थ्य शिविर संचालनलाई निरन्तरता दिईनेछ।

२९. छुर्पी तथा घिउ उत्पादनको लागि चौरी संरक्षण कार्यक्रमलाई निरन्तरता दिईने छ साथै आर्थिक स्तर कमजोर भएका कृषकहरुका लागि पशुपालन सम्बन्धी निःशुल्क परामर्श र औषधी उपलब्ध गराइने छ।

३०. आधुनिक पशुपालनको लागि कृषकहरुलाई तालिम संचालन गरिनेछ। बेरोजगार युवाहरुलाई वैदेशिक रोजगारमा भन्दा स्थानीय स्तरमा श्रम परिचालन गर्नका लागि रोजगारमुलक पशुपालन व्यावसाय, कृषि खेतीमा आर्कषण गर्न अनुदानका कार्यक्रम संचालन गरिनेछ।

३१. कृषकलाई व्यावसायीक पशुपन्छी पालनमा आकर्षित गर्न नश्ल सुधार कार्यक्रम ल्याईनेछ।

३२. पशुपन्छीको बिमाका लागि पशुपालक कृषक र गाउँपालिकाको साझेदारीमा बिमा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

## ख) सामाजिक विकास नीति

### शिक्षा, युवा तथा खेलकुद

३३. हाल विश्व महामारीको रुपमा फैलिएको नोवेल कोरोना भाइरस (कोभिड १९) को संक्रमणलाई मध्यनजर गर्दै विद्यार्थीहरुलाई उपयुक्त तथा प्रभावकारी वैकल्पिक प्रणालीमार्फत् शिक्षण सिकाईको व्यवस्था गरी विद्यार्थीहरुमा परेको मनोसामाजिक असर निवारण गर्न सकारात्मक सोच सहित सिर्जनाशिलता विकासका क्रियाकलापहरु संचालन गरिनेछ।

३४. आगामी शैक्षिक वर्ष देखि कक्षा सातमा "हाम्रो दोरम्बा" विषयक स्थानीय पाठ्यक्रम तयार गरी शिक्षण सिकाई संचालन गरिनेछ जसले गर्दा स्थानीय ज्ञानमा अभिवृद्धि तथा स्थानिय विकासमा टेवा पुऱ्याइनेछ।

३५. गाउँपालिकावाट स्वीकृत गाउँ शिक्षा नियमावलीलाई संशोधन गरी पूर्ण बनाइनेछ। गाउँ शिक्षा नियमावलीलाई सही कार्यान्वयन गरी शिक्षक, विद्यार्थी र शिक्षा प्रशासन तथा सम्पूर्ण शैक्षिक गतिविधि तथा क्रियाकलापलाई सोही परिधि भित्र रही कार्य गर्न प्रोत्साहन गरिनेछ।

३६. विद्यार्थीहरुले सहपाठीबाट सिक्ने अवसर प्रदान गर्नका लागि "एक विद्यार्थी, तीन सहपाठी सिकाई कार्यक्रम" संचालन गरी निश्चित तहको आवश्यक आधारभूत ज्ञान पनि हासिल गर्न नसकेका तीन जना विद्यार्थी बराबर एक जना उत्कृष्ट विद्यार्थीमार्फत् आधारभूत ज्ञान तथा सिकाई प्रदान गर्न सहजीकरणका लागि प्रोत्साहित गरिनेछ र सो सिकाई सहजीकरण वापत सम्बन्धित विद्यालय र गाउँपालिका मार्फत संयुक्त मूल्याङ्कन गरी नगद पुरस्कार प्रदान गर्ने व्यवस्था गरिनेछ।

कमान सिं तामाङ (मोतान)
गाँउपालिका अध्यक्ष

३७. विद्यालयको प्रशासनिक, भौतिक, शैक्षिक जस्ता सम्पूर्ण पक्षको गाउँपालिका तथा वडा कार्यलयमार्फत् नियमित सामुहिक अनुगमन गरिनेछ । साथै त्रैमासिक तथा वार्षिक परीक्षालाई सु-व्यवस्थित, मर्यादित, प्रभावकारी र उपलब्धीमूखी बनाउनका लागि कुनै अर्को विद्यालयको तोकिएको कुनै एक जना शिक्षकको सुपरीवेक्षणमा परीक्षा संचालन र सुपरीवेक्षण गराई प्रतिवेदन तयार गरी पेश गर्न लगाइने व्यवस्था मिलाईनेछ।

३८. "एक विद्यालयमा एक जनप्रतिनिधि" भन्ने नाराका साथ विद्यालयमा नियमित अनुगमन तथा सुपरीवेक्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

३९. एकाई परीक्षा, त्रैमासिक परीक्षा तथा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन जोड दिइनेछ। अंग्रेजी माध्यमबाट शिक्षण गर्ने विद्यालयको संख्यामा वृद्धि गरी प्रभावकारी र व्यवस्थित गरिनेछ।

४०. विद्यार्थीहरुको सर्वाङ्गिण विकास गर्नका लागि नियमित शिक्षण सिकाईका अलवा विद्यालय, वडा, गाउँपालिका स्तरिय अतिरिक्त क्रियाकलापहरुः वक्तृत्वकला, हाजिरीजवाफ, चित्रकला, विज्ञान प्रर्दशन तथा अन्य सामाजिक कार्यहरुमा संलग्न गराई विद्यार्थीमा रहेको आन्तरिक प्रतिभाको प्रस्फुटन गर्न सहयोग गरिनेछ।

४१. दोरम्बा गाउँपालिका भित्र रहेका विभिन्न जातजाति, भाषाभाषी, धर्म, संस्कार र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनका लागि विशेष जोड दिइनेछ।

४२. शैक्षिक विषयमा नियमित गाउँ शिक्षा समिति तथा प्रधानाध्यापकहरुको बैठक बसी शैक्षिक समस्याको समयमै समाधान गरी शैक्षिक क्षेत्रलाई थप प्रभावकारी तथा गुणस्तरीय बनाइनेछ।

४३. सबै विद्यार्थीहरुको सिकाई स्तरमा समानता र समता ल्याउनका लागि न्यून सिकाई उपलब्धी हासिल गरेका वा आधारभूत सिकाई पनि हासिल गर्न नसकेका विद्यार्थीहरुलाई नियमित शिक्षण सिकाई भन्दा अतिरिक्त समयमा सिकाई सहजिकरण गर्नका लागि सम्बन्धित विद्यालयहरुलाई प्रोत्साहित गरिनेछ।

४४. सबै तह र प्रकारका शिक्षक तथा कर्मचारीहरुलाई अभिमुखीकरण तथा नविनतम शिक्षण प्रविधि बारे तालिम दिई कक्षाकोठामा प्रभावकारी शैक्षिक सामग्रीसहितको शिक्षण सिकाई क्रियाकलाप संचालन गरी उत्कृष्ट नतिजा हासिल गर्ने कार्यक्रमहरु तय गरिनेछ। शिक्षकहरुलाई विषयगत तालिम र कम्प्युटर तथा सूचना प्रविधिसम्बन्धी तालिमहरु प्रदान गरी शिक्षण सिकाईलाई थप प्रविधिमैत्री तथा प्रभावकारी बनाइनेछ। माध्यमिक तहमा पुस्तकालय, सूचना र संचार प्रविधि तथा विज्ञान प्रयोगशालालाई प्रभावकारी बनाइने व्यवस्था गरिनेछ।

४५. प्राविधिक, व्यावसायिक, सीपमुलक, रोजगारमुलक, गुणस्तरीय र जीवन उपयोगी एवम् जनमुखी शिक्षाको विकास गर्दै लैजाने नीतिलाई अबलम्बन गरिनेछ। साथै सामुदायिक विद्यालयको गुणस्तर वृद्धि गर्ने वातावरण सिर्जना गरिनेछ। प्राविधिक तथा व्यावसायिक शिक्षामा सबैको पहुँच वृद्धि गर्नका लागि छात्रवृत्ति लगायतका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

तामाङ (मोक्तान) अध्यक्ष

दोरम्बा गाउँपालिका

४६. गाउँपालिका भित्र प्राविधिक तथा व्यावसायिक शिक्षा दिने विद्यालयको संख्यामा वृद्धि गरी कृषि तथा पशु विज्ञान विषय अध्ययन–अध्यापन गर्ने व्यवस्था गरिनेछ । प्राविधिक तथा व्यावसायिक शिक्षा लिइरहेका विद्यार्थीहरुलाई गाउँपालिकाको विविध योजनाहरुमा समावेश गरी परियोजना कार्य र इर्न्टनसिप कार्यक्रम संचालन गर्ने व्यवस्था गरिनेछ ।

४७. गाउँपालिकामा रहेका सामुदायिक विद्यालयबाट आधारभूत शिक्षा उत्तीर्ण परीक्षा (कक्षा ८) मा उत्कृष्ट स्थान हासिल गर्ने एक/एक जना छात्र, छात्रा, शिक्षक, विद्यालयलाई सम्मान तथा पुरस्कार प्रदान गरिनेछ । साथै एस.ई.ई. परीक्षामा सर्वोत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, विद्यालय तथा आफ्ना बालबालिकालाई विद्यालयमा नियमित पठाउने अभिभावकलाई सम्मान तथा पुरस्कृत गरिनेछ।

४८. गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा कक्षा ५ देखि १२ सम्ममा अध्ययनरत् एक जना उत्कृष्ट छात्रा र छात्रलाई 'वर्षको उत्कृष्ट विद्यार्थी "Student of the Year" को रुपमा घोषणा गरी नगद तथा ट्रफी प्रदान गरी सम्मान गरिनेछ।

४९. गाउँपालिका भित्रका सम्पूर्ण अति सिमान्तकृत, अल्पसंख्यक विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै जेहेन्दार, विपन्न, अपाङ्ग, अनाथ, दलित, सहिद परिवारका बालबालिकाहरुलाई आधारभूत शिक्षाबाट वञ्चित हुन नदिन, सबैको लागि शिक्षाको अवसर सुनिश्चित गर्न तथा अध्ययनमा प्रोत्साहन गर्नका लागि गाउँपालिका भित्रका १०० जना विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५०. कक्षाकोठाको शिक्षण सिकाईलाई बालमैत्री र आधुनिक प्रविधिमैत्री बनाउँदै लैजाने तथा बीचैमा विद्यालय छाड्ने प्रवृत्तिलाई पूर्ण निरुत्साहित गर्दै बीचैमा विद्यालय छाड्ने कारणबारे सुक्ष्म र गहन अध्ययन, अनुसन्धान गरी विद्यालय फर्काउन जनचेतनामूलक कार्यक्रम संचालन तथा विद्यालयमा शिक्षणमैत्री वातावरण सिर्जना गरिने तर्फ कार्यक्रमहरु लक्षित गरिनेछ।

५१. आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य र निःशुल्क तथा माध्यमिक तहलाई निःशुल्क गर्ने कार्यक्रमलाई थप प्रभावकारी र व्यवस्थित गरिनेछ। विद्यालय बाहिर रहेका आधारभूत तह उमेरका बालबालिकाको तथ्याङ्क यकिन गरी दोरम्बा गाउँपालिकालाई आधारभूत तहको शिक्षा सुनिश्चित भएको घोषणा गरिनेछ।

५२. विद्यार्थी नियमितता तथा टिकाउ दरमा वृद्धि गर्दै सिकाई उपलब्धीमा सुधार ल्याउन दिवा खाजा कार्यक्रमलाई थप प्रभावकारी, व्यवस्थित तथा अन्य विशेष कार्यक्रमहरुको व्यवस्था गरिनेछ र अभिभावक शिक्षा कार्यक्रम संचालन गरिनेछ।

५३. बाल बचाउ, बाल विकास, बाल सहभागिता र बाल संरक्षण लगायतका विषयमा बालबालिका लक्षित विभिन्न शैक्षिक संघ-संस्था तथा गैरसरकारी संघ-संस्थासँगको सहकार्य र समन्वयमा विविध शैक्षिक, सामाजिक कार्यक्रम संचालन गरिनेछ। बालक्लव र बालसंजाललाई तालिम तथा अर्न्तक्रियाका माध्यमबाट क्षमता विकास गराईनेछ।

५४. शिक्षक तथा कर्मचारीहरुलाई आफ्नो पेशाप्रति गौरव, आत्मसन्तुष्ट र सम्मानित तवरले काम गर्ने वातावरण सिर्जना गरिनेछ। विद्यालयको छात्राहरुका लागि निःशुल्क स्यानिटरी प्याडको प्रभावकारी व्यवस्थापन गर्नुका साथै विद्यालयमा छात्रामैत्री वातावरण तयार गरिनेछ।

५५. गाउँपालिका भित्र रहेका शिक्षा क्षेत्रका विशिष्ट व्यक्तित्व तथा शिक्षित युवा जगतलाई शैक्षिक क्षेत्रको विकासमा लाग्नका लागि प्रोत्साहन तथा आकर्षित गरिनेछ। सामुदायिक सिकाई केन्द्रहरुलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ। अनुशासित, स्वस्थ, भातृत्व, खेलाडीको क्षमता र खेलको स्तर वृद्धिका लागि गाउँपालिका स्तरिय खेलकुदका अतिरिक्त अन्य खेलकुदहरु आयोजना, रंगशाला तथा भौतिक पूर्वधारको निर्माणका लागि पहल गरिनेछ।

५६. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षकहरुको विषयगत दरवन्दी मिलान गरिनुका अलवा न्यून विद्यार्थी भएका विद्यालयमा बाल कक्षा संचालन गरि अन्य कक्षाहरु नजिकको उपयुक्त विद्यालयमा मर्ज गरिनेछ साथै विद्यालयको भौतिक सुधारका विशेष कार्यक्रम ल्याई सबै विद्यालयलाई बालमैत्री, लैगिकमैत्री, अपाङ्गमैत्री, प्रविधिमैत्री तथा वातावरणमैत्री बनाइनेछ। आवश्यकताका आधारमा उपयुक्त स्थानहरुमा बाल विकास केन्द्रहरुको स्थापनामा प्राथमिकता दिइनेछ।

५७. विद्यालयका विद्यार्थी संख्या तथा उपलब्ध दरवन्दीको विश्लेषण गरी सहयोगी संघ–संस्था समेत सँगको समन्वयमा नपुग दरवन्दीको लागि आवश्यक अनुदानको व्यवस्था गरिनेछ। जसमा माध्यमिक तहको विद्यालयमा कम्तिमा माध्यमिक तहको एक जना (गणित, विज्ञान र अंग्रेजी) शिक्षकको अनुदानको व्यवस्था गरिनेछ। आधारभुत तह (१-८) संचालन भएका र एकजना पनि निम्न माध्यमिक तहको शिक्षक नभएको विद्यालयमा निम्न माध्यमिक तहको एक जना शिक्षक अनुदान उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५८. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गरी आधुनिक, व्यावसायिक एवम् प्रविधियुक्त शिक्षामा जोड दिइनेछ। विद्यार्थीहरुमा राष्ट्रियता र देशप्रेमको भावना विकास गर्ने, उच्च नैतिक चरित्र निर्माण गर्ने र कर्तव्यबोध गराउने जस्ता आदर्श र अनुशासित नागरिकका गुणहरु विकास गराउन जोड दिइनेछ।

५९. शिक्षण सिकाईलाई सूचना तथा संचार प्रविधिसँग आवद्ध गरी शैक्षिक सामाग्रीको पर्याप्त व्यवस्था र प्रयोगमा जोड दिइनेछ। साथै विद्यार्थीलाई समयमै पाठ्यपुस्तक र शिक्षकलाई पाठ्यक्रम, शिक्षक निर्देशिका उपलब्ध गराई शिक्षकहरुद्धारा वार्षिक, मासिक तथा दैनिक पाठ योजना तयारी गरी योजनावद्ध शिक्षण गर्ने व्यवस्था गरिनेछ र निरन्तर विद्यार्थी मूल्याङ्कन अनिवार्य लागु गरी उपचारात्मक शिक्षणमा जोड दिईनेछ।

६०. सबै विद्यालयमा शैक्षिक सुचना, तथ्याङ्क, लेखा परीक्षण, सामाजिक परीक्षण, विद्यालय सुधार योजना तोकिएको समयमै निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्ने र विद्यालयले सम्पादन गर्ने अन्य कार्यलाई विद्यालय तथा प्रधानाध्यापकको कार्यसम्पादनसँग जोडि सोहि अनुसार विद्यालय र प्रधानाध्यापकको मूल्याङ्कन गरिनेछ जसलाई गाउँपालिकाबाट प्रदान गरिने अनुदान तथा अन्य सेवा सुविधालाई आधार बनाईनेछ।

६१. शिक्षकले प्रधानाध्यापकसँग र प्रधानाध्यापकले गाउँपालिकासँग कार्य सम्पादन सम्झौता करार गरी आगामी वर्ष कम्तीमा २० प्रतिशतले सिकाई उपलब्धिमा वृद्धि गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ । साथै कुशल कार्य सम्पादन गरेको आधारमा एक जना उत्कृष्ट शिक्षक, प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई सम्मान गरिनेछ ।

६२. सबै विद्यालयको बाल कक्षालाई बालमैत्री पूर्वाधार सहितको बाल कक्षाको व्यवस्था, खेलकुद तथा मनोरञ्जनात्मक सामाग्री, शैक्षिक सामाग्री, भित्ते लेखन व्यवस्थापन गरि शिक्षण सिकाईको जगलाई थप मजवुद वनाई गुणस्तरीय शिक्षामा जोड दिईनेछ । प्रारम्भिक बाल कक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने दरलाई वृद्धि गर्न विविध कार्यक्रमहरु संचालन गरिनेछ ।

६३. शैक्षिक सुचना तथा विद्यालयको तथ्याङ्कलाई व्यवस्थित गरिनेछ । साथै प्रत्येक विद्यालयमा गुनासो पेटिका राख्ने व्यवस्था मिलाईनेछ ।

६४. 'एक विद्यालय एक नर्स' कार्यक्रमलाई प्रभावकारी परिचालन र व्यवस्थित गरी विद्यार्थीहरुको स्वास्थ्य तथा सरसफाईमा विशेष प्राथमिकता दिइनेछ ।

६५. शिक्षक सेवा आयोगबाट नियुक्ति लिई यस गाउँपालिकाको विद्यालयमा कम्तीमा २ वर्ष शैक्षिक सत्र पूरा नगरेका शिक्षकलाई अति आवश्यक नभई अन्तर जिल्ला सरुवा भई नजाने वातावरण तयार गर्नका लागि गाउँ कार्यपालिकाबाट छुट्टै मापदण्ड तयार गरिनेछ ।

६६. कम्प्युटर, फोटोकपि, प्रिन्टर मेसिन नभएका सवै आधारभूत विद्यालयहरुमा कम्प्युटर, फोटोकपि प्रिन्टर मेसिन उपलब्ध गराईनेछ ।

**स्वास्थ्य तथा सरसफाई**

६७. हालै विश्व महामारीको रुपमा रहेको कोभिड १९ नियन्त्रणका लागि गाउँपालिका भित्रका स्वास्थ्य संस्था, वडा कार्यालय र गाउँ कार्यपालिकाबाट अधिकतम प्रयास गरि कोभिड १९ विरुद्ध राष्ट्रिय ऐक्यवद्धताको आधार तयार गरिनेछ

६८. बालमैत्री, लैंगिकमैत्री र फरक क्षमता भएका व्यक्तिमैत्री पूर्वाधार जस्तै खानेपानी, शौचालय लगायतका पूर्वाधार निर्माणमा गाउँपालिकाको तर्फवाट आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराईनेछ ।

६९. स्वास्थ्य क्षेत्रमा जनताको पहुँच सहज वनाउन एम्बुलेन्सको ब्यवस्थापन एवम् घुम्ती स्वास्थ्य शिविर संचालन गर्ने कार्यक्रम तय गरिनेछ ।

७०. महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई काम प्रति जागरुक बनाउनका लागि मासिक यातायात प्रोत्साहन खर्चको व्यवस्थालाई निरन्तरता दिईनेछ । साथै नेपाल सरकारको नियम तथा मापदण्डको परिधिभित्र रहि कोभिड १९ को जोखिम भत्ता उपलब्ध गराउन पहल गरिनेछ ।

७१. गाउँपालिका भित्र रहेका दोरम्वा, टोकरपुर, लखनपुर र डडुवाका स्वास्थ्य संस्थाहरुमा चौविसै घण्टा प्रसुती सेवा सञ्चालनको लागि आवश्यक सहयोग गरिनेछ। साथै गौश्वरा स्वास्थ्य चौकीलाई प्रसुती सेवा केन्द्रमा सुचिकृत गर्ने प्रक्रिया अगाडि बढाईनेछ र "सबैको पहुँचमा स्वास्थ्य" भन्ने नारालाई व्यवहारमा आत्मसाथ गरिनेछ।

७२. गर्भवती महिलाहरुलाई संस्थागत सुत्केरी र प्रोटोकल अनुसार ४ पटक गर्भ जाँच गर्नका लागि प्रोत्साहन हुने गरी "अण्डा र झण्डा" कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७३. सबै गाउँघर क्लिनिकलाई व्यवस्थित बनाउन आवश्यक व्यवस्था गरिनेछ।

७४. सरुवा रोग नियन्त्रणका लागि दक्ष जनशक्तिद्धारा स्वास्थ्य संस्थामा नै अनसाइट कोचिङ्गको व्यवस्था गरिनेछ।

७५. स्वास्थ्य सूचना प्रणालीलाई व्यवस्थित गर्न हरेक स्वास्थ्य संस्थामा लागु हुने गरी सफ्टवेयर निर्माण गरी लागु गरिनेछ।

७६. खोपको ढुवानी र खेर जाने दरलाई व्यवस्थित गर्न थप दुई ठाउँमा स्टोरेज फ्रिज सहित सवसेन्टर स्थापना गरिनेछ।

७७. स्वास्थ्य संस्थाहरुलाई साधन स्रोत सम्पन्न गर्नका लागि व्यवस्था गरिनेछ।

७८. "एक विद्यालय एक नर्स" कार्यक्रममा कार्यरत नर्सलाई सम्पूर्ण माध्यमिक विद्यालयहरुमा प्रभावकारी परिचालनको व्यवस्था मिलाइनेछ।

७९. प्रस्तावित दोरम्वा अस्पतालमा ल्याव र रेडियोलोजी सेवा संचालन गर्न आवश्यक कर्मचारी र सामग्रीको व्यवस्था मिलाईनेछ।

८०. स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा ओपिडी टिकट व्यवस्थापन र अस्पताल/स्वास्थ्य संस्थामा संचालन हुने प्रयोगशाला र रेडियोलोजी सेवामा राजस्व परामर्श समितिको सिफारिस बमोजिम न्यूनतम शुल्क निर्धारण गरी व्यवस्थित गरिनेछ।

८१. गाउँपालिका भित्र औषधीको समुचित व्यवस्थापन गर्न राष्ट्रिय मापदण्ड अनुसार औषधी पसल, क्लिनिक, पोलिक्लिनिक र प्रयोगशालालाई अनिवार्य सुचिकृत गरी संचालन गर्ने व्यवस्था मिलाईनेछ। साथै विद्यमान कानुनको पालना नगरेको पाइएमा तत्काल बन्द गर्न लगाईनेछ।

८२. जंकफुड (पत्रुखाना) को प्रयोगलाई निरुत्साहित गर्दै स्थानीय उत्पादनमा आधारित परिकारलाई बजारीकरण गरिनेछ।

८३. सेवा निवृत्त महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई सम्मान गरिनेछ।

८४. वर्थिङ सेन्टर स्थापना नभएका वडास्तरीय स्वास्थ्य संस्थामा वर्थिङ सेन्टर विस्तार गर्ने नीति लिइएको छ।

८५. संस्थागत सुत्केरीमा खटिने स्वास्थ्यकर्मिलाई प्रोत्साहन खर्च उपलब्ध गराईनेछ।

## महिला, वालवालिका, युवा तथा जेष्ठ नागरिक

८६. जातिय विभेद तथा छुवाछुतमुक्त समाज निर्माणका लागि जनचेतनामूलक कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिनेछ।

८७. जेष्ठ नागरिक तथा महिलाहरुको लागि निःशुल्क स्वास्थ्य शिविर संचालन गरिनेछ।

८८. महिला, वालवालिका, जेष्ठ नागरिक, अपाङ्ग,अल्पसंख्यक, जनजाती तथा दलितका लागि लक्षित कार्यक्रम ल्याईनेछ।

८९. न्यून आय भएका आम महिलाहरुलाई सहकारी मार्फत क्षमता विकास गर्नका लागि सहकारीमा आवद्ध गराई वचत संकलन गर्ने कार्यमा जोड दिईनेछ साथै हालसम्म यस गाउँपालिका अन्तर्गत संचालित महिला सहकारीहरुलाई यस गाउँपालिकामा सूचिकृत गराई प्रभावकारी व्यबस्थापन गर्न लगाईनेछ।

९०. दलित/जनजाती/अल्पसंख्यक/पिछडिएका वर्ग/वस्तीमा स्वास्थ्य सुविधा पुर्‍याउन, शिक्षाको उचित व्यवस्था मिलाउन, वाल विवाहमुक्त, वहुविवाह न्यूनिकरण एवं लैङ्गिक तथा सामाजिक हिंसामुक्त समाज निर्माण गर्नका लागि जनचेतनामूलक कार्यक्रम टोल तथा वस्तीस्तरमा संचालन गरिनेछ।

९१. गाउँपालिकालाई वालमैत्री स्थानीय तह घोषणाको आधार तय गर्नका लागि विद्यालय र स्वास्थ्य संस्थाहरुमा वालमैत्री स्थानीय शासन सम्बन्धि अनुशिक्षण कार्यक्रम संचालन गरिनेछ।

९२. महिलाहरुको शासन प्रक्रियामा प्रभावकारी एवं अर्थपूर्ण सहभागिताको लागि महिला जनप्रतिनिधिहरुको लागि नेतृत्व तथा क्षमता विकासका लागि प्रशिक्षणको व्यबस्था मिलाईनेछ।

९३. महिलाहरुको आर्थिक सशक्तिकरणका लागि कृषि, पर्यटन, होटल व्यबसाय लगायतका विभिन्न क्षेत्रमा क्षमता विकासका लागि सिपमूलक तालिमको व्यबस्था गरि महिलाहरुमा उद्यमशिलता विकासका लागि प्रोत्साहित गरिनेछ।

९४. महिला सशक्तिकरणका लागि विभिन्न संघ संस्थाहरुसंग समन्वय गरि विविध कार्यक्रम संचालन गरिनेछ।

९५. वडास्तरका महिला संजाल, महिला/आमा समुहहरुलाई सक्रिय बनाउनुका साथै गाउँपालिकास्तरीय महिला संजाल गठन गरी विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।

९६. प्रसुती सेवाका लागि गर्ववति महिलाहरुलाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ।

## ग)पूर्वाधार विकास नीति

### सडक

९७. **दोरम्बा गाउँपालिकाको मुख्य राजमार्गको रुपमा रहेको गाल्पा देखि लखनपुर, दोरम्वा देखि खोलाखर्क र टोकरपुर** देखि गौश्वारासम्म र चौरीखोला टारपुँडि देखि थरभञ्ज्याङ टोकरपुर दुधौलि भञ्ज्याङ सम्मको सडकलाई स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिईनेछ साथै संघीय सरकार, पद्रेश सरकार र स्थानीय सरकारको लागत साझेदारीमा पक्की सडक निर्माण गर्नमा जोड दिईनेछ।

९८. सडक मापदण्ड र आवास भवन वनाउने सम्वन्धमा गत आ. व.मा लिईएको नीतिलाई नै निरन्तरता दिईनेछ।



... सिं तामाङ (मोक्तान) ... अध्यक्ष

दोरम्बा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

९९. सडकको विस्तार दिन-प्रतिदिन वढ्दै गईरहेको, जसका कारण अन्य खानेपानी, सिंचाई लगायतका स्थायी प्रकृतिका संरचनाहरुमा समेत असर पुगेको देखिएकोले त्यस प्रकृतिका योजनाहरुमा पुर्व सावधानी विना क्षति पुऱ्याउने उपभोक्ता समितिलाई रकम भुक्तानीका क्रममा क्षतिपुर्ति भराई मात्र रकम भुक्तानी गरिनेछ।

१००. सडक निर्माण तथा मर्मत सुधारका क्रममा सडक क्षेत्राधिकार कायम गर्ने, सडक बिस्तार नीति तथा मापदण्डको पुर्ण रुपमा कार्यान्वयन गरिनेछ। सडकको क्षेत्राधिकारलाई प्रभावकारी कार्यान्वयन गरी सडक अतिक्रमणलाई निरुत्साहित गर्दै सडक खुला राख्ने कार्यमा निरन्तरता दिइनेछ।

१०१. वर्षा याममा वाढी पहिरोका कारण अधिकाँश सडकहरु भत्की जाने र सडक सुचारु गर्नका लागि पनि लाखौ रकम खर्च हुने भएकोले आगामी आर्थिक वर्षदेखि सम्भव भए सम्म गाउँपालिकामा रहेको डोजर प्रयोग गरि क्रमवद्ध रुपमा सडक सुचारु गरिनेछ।

१०२. राजधानी देखि गाउंपालिका केन्द्र, जिल्ला देखि गाउंपालिका केन्द्र र वडा केन्द्र जोड्नका लागि वडाका विभिन्न स्थानमा पक्की पुल निर्माणका लागि विस्तृत परियोजना सर्वेक्षण गरिनेछ।

**भवन**

१०३. घर तथा अन्य भौतिक संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधात्मक प्रविधिको अवलम्वनमा ध्यान दिईनेछ। साथै बजार क्षेत्रमा बन्ने पक्की घर नक्शा पास गरि मापदण्ड अनुरुपको निर्माणमा जोड दिइनेछ।

१०४. प्रत्येक वडामा स्वास्थ्य चौकीको सरकारी अवधारणालाई चालु आर्थिक वर्षमा नै पुर्णता दिईएको छ र सो को आगामी आर्थिक वर्षमा संचालनमा प्रभावकारिता ल्याईनेछ।

१०५. संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारवाट विनियोजन गरिएको रकमवाट निर्माण हुने विकास कार्यक्रममा उपभोक्ता समितिमा जनपरिचालन अवस्था क्रमिक रुपमा सुधार हुदै गएकोले जनसहभागितामा आधारित विकास निर्माण कार्यलाई प्राथमिकता दिई रोजगार कार्यक्रम संचालनमा ल्याईनेछ।

१०६. कोभिड १९ का कारण चालु वर्षमा तोकिएको समयमा योजना संचालनमा कठिनाई देखिएकोले आगामी आर्थिक वर्षमा वैशाख मसान्तभन्दा पछि कुनै पनि विकास योजनाको सम्झौता नगर्ने र जेठ मसान्त पछि कुनै पनि भुक्तानी नगरिने नीतिलाई पुर्ण रुपमा कार्यान्वियनमा लगिनेछ।

## घ) वन, वातावरण तथा विपद् व्यवस्थापन नीति

१०७. गाउँपालिका भित्र नदी कटान/पहिरो नियन्त्रण गर्नका लागि आवश्यक वजेट विनियोजन गरिनेछ साथै भू-क्षय/बाढी पहिरो नियन्त्रणको लागि वृक्षारोपण गर्ने र जथाभावी रुख कटानको कार्यलाइ निरुत्साहित गरिनेछ। सडक निर्माण गर्दा दुबैतर्फ वृक्षारोपण साथै बहुउपयोगी घाँस खेती गर्नका लागि उपभोक्ता समितिसंग गरिने सम्झौतामा नै सो को सुनिश्चितताको व्यवस्था मिलाईनेछ।

१०८. घरवाट नै फोहोरलाई व्यवस्थापन गर्नका लागि टोल टोलमा फोहोर फाल्ने ड्रमको व्यवस्था गरिनेछ। साथै सरसफाई अभियान संचालनका लागि आवश्यक वजेटको व्यवस्था मिलाईनेछ।

१०९. उच्च पहाडी भेगमा पाइने बहुमूल्य जडीबुटीहरुलाई संरक्षण गर्ने नीति लिइनेछ र १ वडामा १ नर्सरी निर्माण गरि कृषि उपज एवं हरियाली प्रवर्द्धनमा जोड दिईनेछ।

११०. सार्वजनिक स्थानहरुमा निर्माण भएका सार्वजनिक शौचालयहरुलाई व्यवस्थापन गर्नका लागि स्थानीय स्तरमा निश्चित मापदण्डका आधारमा प्रयोग एवं परिचालन गरिनेछ।

१११. वन क्षेत्र संरक्षण गर्न वृक्षारोपण गर्ने, वनको संरक्षण र ब्यवस्थापन गर्ने कार्यका लागि सामुदायिक र कबुलियती वन उपभोक्ता समूहहरुलाई सक्रिय वनाई उनीहरुको क्षमता विकासका लागि तालिमको व्यवस्था मिलाईनेछ।

११२. गाउँ क्षेत्रभित्रका विद्यालय तथा क्याम्पसहरु, सरकारी तथा गैरसरकारी संस्थाहरुसंगको साझेदारीमा वातावरण संरक्षणका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।

११३. सार्वजनिक सरकारी सम्पत्ति, बाटो घाटो , पाटी पौवा , कुवाहरुको उचित संक्षरण गर्ने कार्य निरन्तरता दिईनेछ।

११४. गाउँपालिकास्तरीय विपद व्यवस्थापन समिति र वडा स्तरीय विपद व्यवस्थापन समितिको क्षमता विकास गरिनेछ साथै विपद पुर्व अभ्यासका लागि सम्वन्धित कर्मचारी र पदाधिकारीलाई क्षमता विकास तालिमको व्यवस्था मिलाईनेछ।

## ङ) संस्थागत विकास तथा सेवा प्रवाह नीति

११५. गाउँपालिकाको वेवसाईटलाई प्रभावकारी ढंगले सञ्चालन गरी सम्पूर्ण सूचनाहरु समयमै वेभसाईट मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ।

११६. गाउँपालिकाका सम्पुर्ण वडा कार्यालयहरुको सेवा प्रवाहलाई, चुस्तता, दुरुस्तता तथा पारदर्शिता अभिबृद्धि गर्नका लागि वडा कार्यलयहरुमा प्रभावकारी ईन्टरनेट सेवा उपलब्ध गराईनेछ र गाउँपालिकामा पूर्ण रुपमा जिन्सी सफ्टवेयर लागु गरिनेछ।

११७. गाउँपालिकाद्धारा संचालित योजना/आयोजनाहरुको गुणस्तर अभिबृद्दि गर्न गाउँपालिकामा गठित अनुगमन समितिद्वारा गरिने अनुगमनलाई नियमितता प्रदान गरी योजना तथा विकास निर्माण कार्यलाई प्रभावकारी बनाईनेछ।

११८. गाउँपालिकावाट वडा नं १ मा बैङ्किग प्रणालीद्धारा वितरण हुदै आएको सामाजिक सुरक्षा भत्ता असहज भई धेरै जनगुनासो आएको हुदाँ स्थानीय वैकसंगको सहकार्यमा गाउँपालिका केन्द्रवाट टाढा रहेका वडाहरुमा वैकिङ्क घुम्ति शिविर संचालन गरि सामाजिक सुरक्षा भत्ता वितरणको व्यवस्था मिलाईनेछ। र आगामी वर्ष देखि सम्पुर्ण वडाहरुमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई पुर्ण रुपमा वैकिङ्ग प्रणालीमा लगिनेछ।

...मान सिं तामाङ (मोक्तान)
...पालिका अध्यक्ष



...गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

११९. गाउँपालिकाभित्र संचालनमा रहेका ब्यवसायीहरुलाई व्यबसाय दर्ता प्रक्रियाको दायरामा ल्याईनेछ साथै बजार व्यबस्थापनका लागि बजार अनुगमन कार्यलाई नियमितता दिईनेछ । होटल तथा पसलहरुलाई अनिवार्य रुपमा मूल्यसूचि राख्न लगाईनेछ सो नभएमा कानून बमोजिम कारवाहि गरिनेछ ।

१२०. गाउँपालिकाभित्रका स्थानीय उत्पादनलाई प्रोत्साहन तथा उत्पादन अभिबृद्दि गरी यस क्षेत्रमा उत्पादनको प्रचुर संभावना भएको वस्तुमा आत्मनिर्भर बनाउन उत्प्रेरित गरिनेछ ।

१२१. गाउँपालिका र वडा कार्यालयको संस्थागत सुदृढिकरणका लागि यस कार्यालय तथा वडा कार्यालयहरुमा गुनासो पेटिका/सुझाव पेटिकाको ब्यवस्था गरी सोको नियमित सुनुवाईको व्यबस्था मिलाईनेछ ।

१२२. गाउँपालिकाबाट वडास्तरमा प्रदान गरिने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनका लागि नियमित रुपमा वडा कार्यालय अनुगमन गर्ने व्यबस्था मिलाईनेछ ।

१२३. कर्मचारी एवं पदाधिकारीको क्षमता विकासका लागि आवश्यकता बमोजिम समय सापेक्षित तालिम, अध्ययन, तथा अवलोकनको व्यबस्था मिलाईनेछ र उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारी, उपभोक्ता समिति, उत्कृष्ट करदातालाई नीति तथा कार्यक्रम सार्वजनिक समारोहमा पुरस्कृत गरिनेछ ।

१२४. उपभोक्ता समितिद्धारा गरिने कामलाई थप ब्यवस्थित बनाउन उपभोक्ता समितिका पदाधिकारीलाई क्षमता विकास तालिम प्रदान गरिनेछ ।

१२५. नक्सा पास नगरी घर तथा भवन निर्माण गर्ने कार्य दिनप्रतिदिन बद्दै गईरहेकोले त्यस्ता कार्यलाई नियन्त्रण गर्नका लागि नक्सा पास नगरी घर बनाउने ब्यक्तिलाई कानून वमोजिम कारबाहीको प्रक्रिया अघि बढाईनेछ साथै गाउँपालिकावाट दिईने सेवा सुविधामा रोक लगाईनेछ ।

१२६. महिलाहरुको परम्परागत तथा जिविकोपार्जनमुखि पेशालाई व्यबसायिकता प्रदान गर्नका लागि महिला तथा कृषक समुहहरुलाइ ब्यवसायिक शिपमूलक तालिम संचालन गरि महिला तथा कृषकहको उद्यमशिलता विकास गरिनेछ ।

१२७. न्यायीक समितिवाट सम्पादन गरिने न्यायीक निरोपणका कार्यलाई छिटो छरितो एवं सहज वनाईनेछ साथै वडामा क्रियाशिल मेलमिलाप केन्द्रहरुलाई थप व्यबस्थित गरी मेलमिलापकर्ताहरु लाई प्रोत्साहन गर्न यस कार्यालयको स्विकृत कार्यविधि अनुसार भत्ता उपलब्ध गराउने व्यबस्थालाई नियमितता दिईनेछ ।

१२८. यस गाउँपालिकाका सामाजिक, आर्थिक, राजनितिक, व्यबसायिक लगायतका सम्पुर्ण कार्यहरुमा महिला सहभागिता अभिबृद्दि गर्नका लागि यस गाउँपालिका अन्तर्गत गठन तथा संचालन भएका महिला संजाल, महिला सहकारी संस्था, आमा समुह लगायतमा आवद्ध सदस्यहरुलाई क्षमता तथा नेतृत्व विकासका लागि तालिमको व्यबस्था मिलाईनेछ ।

१२९. स्वास्थ्य र शिक्षामा सवैको पहुच सुनिश्चित गरी, व्याप्त लैङ्गिक हिंसा एवं बालबिवाह लगायतका सामाजिक कुसंस्कार न्यूनिकरण गर्न जनचेतनामूलक कार्यक्रम संचालन गरी **" सभ्य एवं स्वस्थ दोरम्वा "** निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।



... तामाङ (मोक्तान)

दोरम्बा गाउँपालिका

१३०. गाउँपालिकाभित्रका सवै धर्म, संस्कृती, एवम् परम्पराको जगेर्ना गर्दै यस क्षेत्रभित्रका ठूलो शैलुङ,सानो शैलेङ, गुराँसे, ब्रम्हा विष्णु, छायाश्वरी लगाएतका क्षेत्रमा धार्मिक एवं सांस्कृतिक पर्यटन प्रर्बद्धन गरिनेछ । साथै होम स्टे प्रबर्द्धन कार्यका लागि पर्यटन तालिमको व्यबस्था गरिनेछ ।

१३१.गाउँपालिकाबाट गरिने सम्पुर्ण सेवा प्रवाह व्यबस्थित, सहज, एवं सुलभ बनाउनका लागि संस्थागत सुदृढिकरण गरिनेछ । साथै कार्यसम्पादनमा पारदर्शिता, विधिको शासन, नतिजामूखि व्यबस्थापन र जवाफदेहिता जस्ता प्रभावकारी मूलभूत मान्यताहरुलाई थप दृढताका साथ अवलम्बन गरी सार्वजनिक सेवामा समतामूलक पहुंच सुनिश्चित गरी सेवा प्रवाहको गूणस्तर बृद्धि गरिनेछ ।

१३२. गाउँपालिकाभित्रका आदिवासी जनजाती/दलित/अपाङ्गको क्षमता विकासको लागि सिपमूलक तालिमको ब्यवस्था मिलाईनेछ ।

१३३.खेलकुद क्षेत्रलाई प्रर्बद्धन तथा प्रोत्साहन गर्नका लागि गाउँपालिका स्तरीय विभिन्न प्रतिस्पर्धात्मक खेलकुद कार्यक्रम संचालन गरिनेछ ।

१३४. अपाङ्गता कार्ड वितरणका लागि वडास्तरीय शिविर संचालन गरी कार्ड वितरण गरिनेछ साथै साविक जि.वि.स. द्वारा प्रदान गरिएका अपाङ्गता कार्डहरु गाउँपालिकाद्वारा नविकरण गरिनेछ ।

१३५. सेवा प्रवाहलाई पारदर्शिता, आर्थिक अनुशासन कायम गर्न वडा कार्यालयहरुमा डिस्प्ले बोर्ड राखिनेछ ।

१३६.कृषक समुह तथा महिला स्वयम सेविकाहरुलाई क्षमता विकासको तालिमको व्यबस्था गरिनेछ ।

## च) वित्तिय व्यवस्थापन तथा सुशासन नीति

१३७. यस गाउँपालिकाको वित्तिय शुसाशन अभिबृद्दि गर्नका लागि सम्पूर्ण आर्थिक कारोबारहरु सुत्र प्रणलीमा प्रविष्टि गरी आगामी आर्थिक कारोबारहरु यसै प्रणलीमार्फत गरिनेछ ।

१३८. गाउँपालिकाद्वारा स्विकृत बार्षिक योजनाहरु संचालनका क्रममा पेश्की दिने प्रचलन पूर्ण रुपमा बन्द गरिएकोमा सो कार्यलाई निरन्तरता दिईनेछ ।

१३९. यस गाउँपालिकाको जिन्सि सामानको विवरण चुस्त दुरुस्त राखी जिन्सि व्यबस्थापन प्रभावकारी ढंगले गर्नका लागि पूर्ण रुपमा जिन्सि सफ्टवेयर कार्यान्वयनमा ल्याईनेछ । साथै शैक्षिक गतिविधिलाई व्यवस्थित गर्नका लागि शैक्षिक सफ्टवेयर कार्यान्वयनमा ल्याईनेछ ।

१४०.कार्य प्रणालीलाई प्रभावकारी वनाउने सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१४१.वडा कार्यालयको अभिलेख प्रणलीलाई व्यबस्थित बनाउनका लागि वडामा कार्यरत कर्मचारीहरुलाई तालिमको व्यबस्था मिलाईनेछ ।



कमान सिं तामाङ (मोक्तान)
अध्यक्ष

नौकुण्डा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टोकरपुर, रसुवा
बागमती प्रदेश

**अन्त्यमा**

दोरम्बा गाउपालिकाको बार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा अमुल्य सुझाव दिनुहुने राजश्व परामर्श समिति, स्रोत अनुमान तथा सिमा निर्धारण समिति, विभिन्न बिषयगत समितिका पदाधिकारीज्यूहरु, सर्वपक्षीय भेलामा सुझाव दिनुहुन सवै महानुभावहरु, कार्यालय प्रमुख एवं सम्पुर्ण कर्मचारी मित्रहरु, राजनीतिक दलका पदाधिकारीज्यूहरु, संघ संस्थाका कर्मचारी, उद्योगी, समाजसेवी लगायत सवैमा धन्यवाद ज्ञापन गर्न चाहान्छु साथै यस नीति तथा कार्यक्रम कार्यान्वयनमा सवै जनप्रतिनिधि, कर्मचारीवर्ग, उद्योगी, व्यवसायी, राजनीतिक दलहरु, बुद्धिजिवी, सुरक्षाकर्मी, संचारकर्मी लगायत सवैको सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद

मितिः २०७७/०३/०९

कमानसिं तामाङ (मोक्तान)
अध्यक्ष